

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक २० गते शुक्रबार ❑ 6 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

पार्टीको आधिकारिकतासम्बन्धी विवादमा कुनै आर्थिक लेनदेन भएको छैन: सभापति थापा

रासस
काठमाडौं, १९ कार्तिक

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको आधिकारिकतासम्बन्धी विवादमा आफू वा पार्टीका तर्फबाट कुनै आर्थिक लेनदेन तथा अनुचित काम नभएको स्पष्ट पार्नुभएको छ।

सभापति थापाले बिहीबार सामाजिक सञ्जालमा श्रव्य सामग्री सम्प्रेषण गर्दै इनम सापकोटासँग जोडिएको भन्दै सार्वजनिक भएको अडियोको निष्पक्ष अनुसन्धान हुनुपर्ने बताउनुभएको हो । पार्टीको आधिकारिकतासम्बन्धी विषयमा पार्टीका वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले बुधबार केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गरी पार्टीको धारणा सार्वजनिक गरिसकेको उल्लेख गर्दै उहाँले उक्त प्रकरणलाई बदनियतपूर्ण हल्लाको संज्ञा दिनुभयो। सभापति थापाले पार्टी र नेतृत्व सबै प्रकार का अनुसन्धानका लागि तयार रहेको पनि बताउनुभयो । प्रहरी अनुसन्धानका लागि हिरासतमा रहेका इनम सापकोटाको नाममा सार्वजनिक भएको श्रव्य सामग्री कहाँ, कहिले, कसले र कुन परिस्थितिमा बोलेको हो भन्ने आफूलाई जानकारी नभएको सभापति थापाले बताउनुभयो । उक्त अडियोमा आफ्नो नाम जोडिएको विषयमा आफूले थप स्पष्टीकरण दिइरहन आवश्यक नभए पनि सार्वजनिक रूपमा आफ्नो धारणा स्पष्ट पारेको उहाँको भनाइ छ। नेपाली



कांग्रेसको विशेष महाधिवेशनलाई पार्टीभित्र परिवर्तनको मागसहित भएको विद्रोहका रूपमा व्याख्या गर्दै सभापति थापाले गत वर्ष भदौ २३ र २४ गते युवाहरूले गरेको विद्रोहको सम्मान गर्दै पार्टीभित्र परिवर्तनका लागि आफूहरू अघि बढेको बताउनुभयो । पार्टीको आधिकारिकतासम्बन्धी र राजनीतिक तथा कानुनी लडाइँमा आफूहरूले कुनै आर्थिक लेनदेन नगरेको दाबी गर्दै सभापति थापाले एकसुका पनि अनुचित आर्थिक कारोबार नभएको स्पष्ट पार्नुभयो । "नेपाली कांग्रेसको आधिकारिकताको लडाइँमा रुपैयाँ होइन, एक सुका पनि कुनै आर्थिक लेनदेन वा अनुचित काम भएको छैन," उहाँले भन्नुभयो । सभापति थापाले अडियो प्रकरणमा आफूलाई प्रश्न गर्नुभन्दा अनुसन्धान गर्नुपर्ने निकायसँग प्रश्न गर्न सञ्चारमाध्यम र सरोकारवालालाई आग्रह गर्नुभयो। सापकोटासँग सम्बन्धित विषयमा निष्पक्ष अनुसन्धान गरी त्यसमा संलग्न सबै पक्षको भूमिका खोतल्नुपर्ने उहाँको भनाइ थियो ।

"अनुसन्धान निष्पक्ष हुनुपर्छ । दूधको दूध, पानीको पानी छुट्टिने गरी छानबिन हुनुपर्छ," सभापति थापाले भन्नुभयो । अडियो सार्वजनिक भएपछि आफू डर एर राजनीतिक भेटघाटमा लागेको भन्ने प्रचारप्रति पनि उहाँले आपत्ति जनाउनुभयो । मधेस प्रदेशमा नेपाली कांग्रेसको नेतृत्वमा रहेको सरकारको विश्वासको मतसम्बन्धी विषय र अन्य राजनीतिक संवादका क्रममा विभिन्न दलका नेताहरूसँग भेटघाट भएको सभापति थापाले स्पष्ट पार्नुभयो । आफूले नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसँग राजनीतिक सन्दर्भमा भेटघाट गरेको सभापति थापाले बताउनुभयो । ती भेटघाटलाई अडियो प्रकरणसँग जोडेर व्याख्या गर्नु उचित नभएको उहाँको भनाइ थियो । सभापति थापाले वर्तमान सरकारले पाँच वर्षका लागि पाएको जनादेशलाई सम्मान गर्ने बताउँदै सरकारले विपद् पछिको पुनःस्थापना, घरबारविहीन नागरिकको व्यवस्थापन, अर्थतन्त्र सुधार, रोजगारी सिर्जना र लगानी प्रवर्द्धनमा ध्यान दिनुपर्ने सुझाव दिनुभयो। विपद्का कारण प्रभावित भएका नागरिकको पुनःस्थापना, खुला स्थानमा बस्न बाध्य सुकुमबासीको व्यवस्थापन तथा कमजोर बन्दै गएको अर्थतन्त्रलाई सुधार गर्नु सरकार को प्राथमिकता हुनुपर्ने सभापति थापाले बताउनुभयो । सरकारले सही काम गर्दा नेपाली कांग्रेसले सहयोग गर्ने र गलत काम गर्दा प्रश्न उठाउने उहाँको भनाइ थियो । लोकतान्त्रिक अधिकार खुम्च्याउने तथा राज्यका संस्थाहरूलाई कमजोर बनाउने प्रयास भए आफूहरू चुप लागेर नबस्ने उहाँले स्पष्ट पार्नुभयो ।

"ठीक कुरामा साथ दिने कुरा पनि बन्द हुँदैन, गलत कुरालाई प्रश्न गर्ने र प्रतिवाद गर्ने कुरा पनि बन्द हुँदैन," सभापति थापाले भन्नुभयो । आफू कुनै कमजोर नैतिक धरातलमा नरहेको दाबी गर्दै उहाँले आफ्नो हात सफा रहेको र कुनै अनैतिक काममा संलग्न नभएको बताउनुभयो ।

विगतमा पनि शक्तिशाली सरकारका गलत कामविरुद्ध आवाज उठाउँदै आएको उल्लेख गर्दै सभापति थापाले अहिले पनि आफ्नो भूमिका नबदलिने स्पष्ट पार्नुभयो । सभापति थापाले आफूविरुद्ध पटकपटक प्रायोजित प्रचार तथा चरित्रमाथि प्रश्न उठाउने प्रयास हुने गरेको दाबी गर्दै त्यसबाट विचलित नभई आफ्नो जिम्मेवारी निर्वाह गरिरहने बताउनुभयो । "प्रश्न गर्ने अधिकार मर्नु हुँदैन । प्रश्न मरे लोकतन्त्र मात्र होइन, हाम्रो प्रगति पनि रोकिन्छ," उहाँले भन्नुभयो । सभापति थापाले राजनीतिक विवाद र प्रायोजित हल्लाका कारण सही प्रश्न उठाउने प्रवृत्ति कमजोर हुन नहुनेमा जोड दिनुभयो । प्रश्न गर्ने अधिकार र लोकतान्त्रिक अभ्यास सुरक्षित रहे मात्रै लोकतन्त्र तथा मुलुकको प्रगति सम्भव हुने उहाँको भनाइ थियो ।

रत्नमन्दिरमा व्यापारिक कम्प्लेक्स बनाउने प्रस्तावप्रति पोखरेलीको आपत्ति

पोखरापत्र संवाददाता
पोखरा, १९ कार्तिक

पोखराको ऐतिहासिक तथा पर्यटकीय पहिचानसँग जोडिएको फेवाताल किनारस्थित रत्नमन्दिर, हिमागृहलगायतका सार्वजनिक सम्पत्तिलाई निजी क्षेत्रलाई लिजमा दिएर व्यापारिक प्रयोजनमा उपयोग गर्ने प्रस्तावप्रति पोखराका नागरिक समाज, पर्यटन व्यवसायी तथा सरोकारवालाले असन्तुष्टि जनाएका छन् ।

नेपाल ट्रष्टले रत्नमन्दिर, हिमागृह, बाराहीघाट खेलमैदान र रत्नचोक आसपासका बहुमूल्य जग्गा ३० वर्षसम्मका लागि निजी क्षेत्रलाई भाडामा दिएर व्यापारिक कम्प्लेक्स, होटल तथा रेस्टुरेन्ट सञ्चालन गर्ने अवधारणासहितको प्रस्ताव अघि सारेपछि पोखरामा यसको पक्ष र विपक्षमा बहस सुरु भएको हो । यसै विषयमा आइतबार पोखरामा आयोजित प्रारम्भिक चरणको छलफलमा सहभागी नागरिक अगुवा तथा पर्यटन क्षेत्रका प्रतिनिधिहरूले फेवाताल किनारका ऐतिहासिक तथा सार्वजनिक महत्त्वका जग्गालाई व्यापारिक प्रयोजनका लागि निजी क्षेत्रको जिम्मा लगाउने प्रस्ताव स्वीकार्य नहुने धारणा राखेका राख्नु भएको छ । नागरिक समाज कास्कीका अगुवा रामबहादुर पौडेलले फेवाताल किनार का जग्गा लिजमा दिने प्रस्ताव नागरिकस्तरबाटै खारेज हुनुपर्ने बताउनुभयो। उहाँले सार्वजनिक सम्पत्ति र ऐतिहासिक सम्पदाको



संरक्षण गर्नुको सट्टा व्यापारिक प्रयोजनमा उपयोग गर्ने सोच उचित नहुने धारणा व्यक्त गर्नुभयो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलगायत पर्यटन क्षेत्रका अगुवाहरूले पनि रत्नमन्दिरलगायतका सम्पदाको मौलिकता र ऐतिहासिक महत्त्व जोगाउँदै संरक्षणमैत्री ढङ्गले सञ्चालन गर्नुपर्नेमा जोड दिनु भएको छ । फेवातालको संरक्षण मापदण्ड र सार्वजनिक हितलाई बेवास्ता गरेर कुनै पनि व्यावसायिक योजना अघि बढाउन नहुने उनीहरूको भनाई छ । पोखराको प्रमुख पर्यटकीय आकर्षणका रूपमा रहेको रत्नमन्दिरलाई उचित व्यवस्थापनसहित सर्वसाधारण तथा पर्यटकका लागि प्रभावकारी रूपमा उपयोग गर्न सके पर्यटकको बसाइ अवधि बढाउन र स्थानीय पर्यटन अर्थतन्त्रलाई थप चलायमान बनाउन सकिने पर्यटन व्यवसायीहरूको धारणा छ ।

नेपाल ट्रष्ट कार्यालय पोखराकी प्रमुख लक्ष्मी भट्टले भने व्यापारिक कम्प्लेक्स निर्माण गर्ने विषयमा कुनै अन्तिम निर्णय भइनसकेको स्पष्ट पार्नुभएको छ । उहाँका अनुसार अहिले सार्वजनिक गरिएको योजना नेपाल ट्रष्टको बोर्डस्तर मा छलफलका लागि तयार पारिएको प्रारम्भिक अध्ययनको खाका मात्रै हो ।

रत्नमन्दिर र हिमागृह केवल भौतिक संरचना मात्र नभई पोखराको ऐतिहासिक पहिचान, सांस्कृतिक विरासत र पर्यटकीय महत्त्वसँग जोडिएका सम्पदा हुन् ।

मुलुकको समृद्धिका लागि युवाको भूमिका महत्वपूर्ण: महासचिव पोखरेल

पोखरापत्र संवाददाता
लमजुङ, १९ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले मुलुकको समृद्धि र विकासका लागि युवाको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ।

राष्ट्रिय युवा सङ्घ जिल्ला कमिटी लमजुङ र अनेरास्ववियु जिल्ला कमिटी लमजुङको संयुक्त आयोजनामा बिहीबार बेँसीसहर नगरपालिका-७ मा आयोजित युवा तथा विद्यार्थी अन्तरसंवाद कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले देश र समाज निर्माणमा युवाको सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गर्दै उहाँले युवाहरू र राजनीतिबाट टाढिन नहुने धारणा राख्नुभयो ।

महासचिव पोखरेलले देशमा परिवर्तन ल्याउन युवा पुस्ताको सक्रिय सहभागिता आवश्यक रहेको बताउँदै राजनीतिलाई बुझेर नेतृत्वदायी भूमिकामा अघि बढ्न युवाहरूलाई आग्रह गर्नुभयो । शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार र सञ्चार लगायत क्षेत्रमा विकासलाई तीव्रता दिन सके मात्रै देश समृद्धिको दिशामा अघि बढ्ने उहाँले बताउनुभयो ।

देशको आर्थिक तथा रोजगारीको अवस्थाबारे चर्चा गर्दै पोखरेलले पहिले करिब ७० प्रतिशत जनसङ्ख्या कृषिमा आधारित रहेकामा पछिल्लो समय कृषि पेसा छाड्ने क्रम बढिरहेको बताउनुभयो । कृषि पेसाबाट बाहिरिने जनशक्तिका लागि पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा वैदेशिक रोजगार ीमा जाने क्रम बढेको उहाँको भनाइ छ। स्वदेशमा रोजगारीका अवसर सृजनाका लागि निजी तथा सेवामूलक क्षेत्रको विकास आवश्यक रहेकामा महासचिव पोखरेलले जोड दिनुभयो । ती क्षेत्रको पर्याप्त विस्तार हुन नसक्दा नागरिकले अपेक्षाअनुसार विकासको अनुभूति गर्न नसकेको उहाँले उल्लेख गर्नुभयो ।

निवर्तमान प्रहरी महानिरीक्षक कार्कीद्वारा सर्वोच्चमा रिट पेस

रासस
काठमाडौं, १९ कार्तिक

निवर्तमान प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले आफूलाई गैरकानुनीरूपमा प्रहरी महानिरीक्षकबाट हटाएको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन पेस गर्नुभएको छ।

रिट निवेदन बिहीबार पेस भएको भए पनि अध्ययनका क्रममा रहेको र दर्ता हुने वा नहुने विषयमा शुक्रबार छलफल हुने सर्वोच्च अदालत प्रशासनले जनाएको छ।

सरकारले बुधबार कार्कीलाई हटाएर प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारको जिम्मेवारी दिएको थियो। उक्त निर्णयविरुद्ध कार्कीले सर्वोच्च अदालतमा रिट पेस गर्नुभएको हो।

व्यक्तिभन्दा नीति देशभर पुग्नुपर्छ: सभापति लामिछाने

रासस
चितवन, १९ कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति र वि लामिछानेले आफ्नो निर्वाचन क्षेत्रमा निर्वाचित जनप्रतिनिधिभन्दा नीति पुग्नुपर्ने बताउनुभएको छ।

भरतपुर विमानस्थलमा बिहीबार पत्रकारसँग कुराकानी गर्दै सभापति लामिछानेले आफू चितवन ढिला आए पनि यहाँ नीतिगत कामहरू भइरहेको बताउनुभयो । "जिम्मेवारी धेरै



छ । तर व्यक्तिभन्दा सिस्टम आउनुपर्छ भन्ने सोचका कारण व्यक्तिका रूपमा म ढिला आए पनि सरकारको रूपमा, पार्टीको रूपमा पार्टीको संरचना, सरकार का नीतिहरू देशभरी पुगिरहेका छन्", उहाँले भन्नुभयो, "हाम्रो उद्देश्य पनि त्यही हो । व्यक्ति आउनुभन्दा पनि नीति आउनु पऱ्यो। राज्यको नीति आउने क्रम जारी छ।" चितवन क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका सभापति लामिछाने शुक्रबारसम्म चितवनका विभिन्न कार्यक्रममा सहभागी हुन आज यहाँ आउनुभएको हो । रास्वपा चितवनका सभापति इन्जिनियर मिनिमाधव खनालका अनुसार चितवन आएलगत्तै सभापति लामिछाने आज पार्टी कार्यालयमा जिल्ला, क्षेत्र र स्थानीय तहका पदाधिकारीहरूसँग सङ्गठनात्मक छलफलमा सहभागी हुनुहुने छ।

सभापति लामिछानेले शुक्रबार बिहान नारायणी नदी किनारको कटान क्षेत्रको अवलोकन तथा सम्बन्धित पक्षसँग छलफल गर्ने कार्यक्रम छ।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

❖ सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं,
❖ राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,

YouTube Dribbble vimeo PeerTube LINE Bēhance tumblr. reddit

❖ कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
❖ जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
❖ शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनत: दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ब्लड क्यान्सर प्रभावित युवालाई युनाइटेड क्लब पोखराको आर्थिक सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १९ कार्तिक



शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन, सेती नदी संरक्षण तथा विपदमा परेकाहरूलाई सहयोग गर्दै आइरहेको युनाइटेड क्लब पोखराले ल्युकेमिया ब्लड क्यान्सरबाट प्रभावित एक युवालाई आर्थिक सहयोग प्रदान गरेको छ ।

सामाजिक सेवाका विभिन्न क्षेत्रमा क्रियाशील क्लबले पोखरा महानगरपालिका वडा नम्बर १३ निवासी ल्युकेमिया ब्लड क्यान्सरबाट प्रभावित हसन अली मियाको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले नगद सहयोग प्रदान गरेको हो । क्लबका अध्यक्ष गणेश तिमिल्सिनाको नेतृत्वमा उक्त आर्थिक सहयोग प्रदान गरिएको हो । सो अवसर मा बोल्दै युनाईटेड क्लब पोखराका अध्यक्ष गणेश तिमिल्सिनाले युनाईटेड क्लब पोखराले स्थापना कालदेखि पोखराको अमरसिंह चौर मा पोखरा महोत्सवको आयोजना गरि महोत्सवबाट बचत भएको र कमबाट शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धन, सेतीनदी संरक्षण र विपदमा परेकाहरुलाई सहयोग गर्दै आइरहदा पोखरा १३ निवासी हसन अलि मियालाई गरेको सानो सानो सहयोगले उपचारमा थोरै भएपनि र हात हुने बताए । त्यसैगरी तिहारको समयमा क्लबले विपद व्यवस्थापन कोष सञ्चालनका लागि देउसी भैलो कार्यक्रमको आयोजना गर्दै आइरहेको र आगामी कार्तिक २३ गतेको देउसीभैलो कार्यक्रममा समेत सहभागी हुन अग्रह गरे ।

कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष शान्तबहादुर थापा, प्रथम उपाध्यक्ष सूर्यबहादुर बानियाँ, द्वितिय उपाध्यक्ष तथा स्वास्थ्य संयोजक दिनेश सुनार, महासचिव सन्तोष कार्की, कोषाध्यक्ष जयराम आचार्य, सदस्य कृष्ण गौतमलगायतको सहभागिता रहेको थियो । विशेषगरी आर्थिक अभावका कारण उपचार मा कठिनाइ भोगिरहेका बिरामीलाई सहयोग गर्नु मानवीय दायित्व भएको भन्दै क्लबले सामाजिक सेवाका गतिविधिलाई निरन्तरता दिँदै आएको कार्यक्रम संयोजक तथा क्लबका द्वितिय उपाध्यक्ष दिनेस सुनारले बताए । ब्लड क्यान्सरजस्तो जटिल रोगको उपचारमा ठूलो आर्थिक भार पर्ने भएकाले क्लबले प्रदान गरेको सहयोगले रोगबाट प्रभावित सहन अलि मिया तथा उनको परिवारलाई केही राहत पुग्ने उनको विश्वास रहेको छ । आगामी दिनमा समेत मानवीय सेवा, सामाजिक उत्तरदायित्व र समुदायको हितमा केन्द्रित कार्यक्रमलाई निरन्तरता दिने उद्देश्य क्लबले राखेको छ ।

पोखरामा लक्ष्मी मोटर हबले एकै दिन सार्वजनिक गऱ्यो बीएआईसी र आर्कफक्सका दुई मोडल

पोखरापत्र संवाददाता
गण्डकी, १९ कार्तिक



पोखराको अमरसिंह चोकमा लक्ष्मी मोटर हबले चिनियाँ अटोमोबाइल ब्रान्ड बीएआईसी र यसको प्रिमियम विद्युतीय सवारी ब्रान्ड आर्कफक्सका दुई नयाँ मोडल एकैसाथ सार्वजनिक गरेको छ ।

नेपालका लागि बीएआईसी तथा आर्कफक्सका आधिकारिक आयातकर्ता तथा वितरक लक्ष्मी मोटर हबले पोखरामा नयाँ सोरुम सञ्चालनमा ल्याउँदै बीएआईसी बीजे६० हाइब्रिड र आर्कफक्स टी१ विद्युतीय गाडी औपचारिक रूपमा विहिबार सार्वजनिक गरेको हो । लक्ष्मी मोटर हबका अध्यक्ष गणेशबहादुर श्रेष्ठ र कार्यकारी निर्देशक सुनिल श्रेष्ठले संयुक्त रूपमा दुवै गाडीको अनावरण गर्दै सार्वजनिक गर्नुभयो । नयाँ सोरुम सञ्चालनसँगै पोखरा तथा समग्र गण्डकी प्रदेशका ग्राहकले यी ब्रान्डका सवारी साधन बिक्री, जानकारी तथा सेवा सुविधा स्थानीयस्तरमै प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ ।

सार्वजनिक गरिएका दुईमध्ये आर्कफक्स टी१ पूर्ण विद्युतीय गाडी हो । यसको नेपाली बजार मूल्य ३७ लाख ९६ हजार रुपैयाँ निर्धारण गरिएको छ । एकपटक पूर्ण चार्ज गर्दा ३९० किलोमिटरसम्म चल्न सक्ने कम्पनीको दाबी छ । यसमा ७० किलोवाट क्षमताको मोटर र ४२.३ किलोवाट आवरको लिथियम आइरन फस्फेट (एलएफपी) ब्याट्री प्रयोग गरिएको छ ।

त्यस्तै, बीएआईसी बीजे६० हाइब्रिड एसयूभीको मूल्य एक करोड २५ लाख ९६ हजार रुपैयाँ तोकिएको छ । लामो दूरीको यात्रा तथा कठिन भूगोललाई लक्षित गरी तयार गरिएको यस गाडीमा चार पाङ्ग्रे ड्राइभ प्रणाली रहेको छ । कार्यक्रममा लक्ष्मी मोटर हबका सेल्स हेड आकाश थापाले नेपाली बजार मा बीएआईसी तथा आर्कफक्स ब्रान्डले छुट्टै पहिचान बनाउँदै गएको बताउनुभयो । उहाँले यी ब्रान्डका सवारी साधनप्रति नेपाली ग्राहकको आकर्षण र माग बढ्दै गएको उल्लेख गर्दै पोखरामा सोरुम सञ्चालनले ग्राहकलाई थप सहजता हुने विश्वास व्यक्त गर्नुभयो । थापाले सवारी साधन बिक्रीमा मात्र नभई बिक्रीपछिको सेवामा पनि कम्पनीले विशेष ध्यान दिने बताउनुभयो । ग्राहकको सन्तुष्टि कम्पनीको प्राथमिकता रहेको उल्लेख गर्दै उहाँले गुणस्तरीय सेवा, स्पेयर पार्ट्सको उपलब्धता र ग्राहक सेवामा कुनै कन्जुस्याइँ नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

बीएआईसी यात्रुवाहक सवारी साधन तथा अटोमोबाइल प्रविधिको क्षेत्रमा स्थापित चिनियाँ उत्पादक कम्पनी हो । यसको प्रिमियम विद्युतीय सवारी ब्रान्ड आर्कफक्सले आधुनिक प्रविधि, विद्युतीय गतिशीलता र दिगो यातायातलाई प्राथमिकता दिँदै आएको छ । पोखरामा नयाँ सोरुम सञ्चालनसँगै कम्पनीले गण्डकी प्रदेशमा आफ्नो बजार विस्तार, ग्राहक सेवा तथा बिक्रीपछिको सुविधालाई थप प्रभावकारी बनाउने लक्ष्य लिएको जनाएको छ ।

प्रथम व्यास मेयर कपको उपाधि व्यास-१ लाई

पोखरापत्र संवाददाता
दमौली, १९ कार्तिक

प्रथम व्यास मेयर कप फुटबल प्रतियोगिताको उपाधि व्यास नगरपालिका-१ ले जितेको छ ।

व्यास नगरपालिका नगर खेलकुद समितिको आयोजनामा मङ्गलबार व्यास-३ स्थित बिपी वनवाटिका खेलमैदानमा सम्पन्न फाइनल खेलमा व्यास-८ लाई १-० गोलअन्तरले पराजित गर्दै व्यास-१ ले पहिलो संस्करणको उपाधि आफ्नो नाममा लेखाएको हो । प्रतिस्पर्धात्मक बनेको फाइनल खेलमा व्यास-१ ले व्यास-८ विरुद्ध निर्णायक गोल गर्दै उपाधि चुमेको हो । उपाधिसँगै व्यास-१ ले नगद रु एक लाख प्राप्त गरेको छ । उपविजेता बनेको व्यास-८ ले नगद रु ७५ हजारमा चित्त बुझाएको छ । प्रतियोगितामा व्यास-१ र व्यास-८ ले उत्कृष्ट प्रदर्शन गर्दै फाइनलसम्मको यात्रा तय गरेका थिए । व्यास-८ ले सेमिफाइनलमा व्यास-७ लाई पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो भने व्यास-१ ले व्यास-६ लाई पराजित गर्दै उपाधि भीडन्त पक्का गरेको थियो । व्यास नगरपालिकाका १४ वटै वडाको सहभागिता रहेको प्रतियोगिताले स्थानीयस्तरमा फुटबल खेलको विकास, खेलाडीको प्रतिभा पहिचान तथा वडाबीच आपसी सद्भाव र एकता अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको आयोजकको विश्वास छ । प्रतियोगिताको समापनका अवसर मा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो । खेलकुदले युवाको प्रतिभा प्रस्फुटन गराउनुका साथै अनुशासन, एकता र स्वस्थ समाज निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ थियो । त्यस्तै, व्यास-६ का वडाध्यक्ष एवं नगर खेलकुद समितिका अध्यक्ष जीवन गुरुङले प्रतियोगिता सफल बनाउन सहयोग गर्ने खेलाडी, प्रशिक्षक, जनप्रतिनिधि, रेफ्री, आयोजक तथा खेलप्रेमी सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

सार्वजनिक सूचना

स्याङ्जा जिल्ला आँधिखोला-४ बस्ने डम्बर बहादुर क्षेत्रीको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १५ को कित्ता नं. ३०६ को क्षेत्रफल १६३ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. २८४, २३० र उत्तर तर्फ कि. नं. ४१७ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १५ को वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
१	ULI ४१०००००५४६	खुम बहादुर थापा	कोल्मा-४ स्याङ्जा
२	ULI ४०००००१८८०	तोरण बहादुर कुँवर	पोखरा-१ कास्की

भूमि प्रशासन कार्यालय, लेखनाथ कास्की बाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

कास्की जिल्ला रुपा गाउँपालिका वडा नं ७ निवासी मन वल्लभ सुवेदीको छोरा बुहारी/नातीहरु विष्णु कुमारी सुवेदी, नारायणी सुवेदी, धनकुमारी सुवेदी, कृष्ण प्रसाद सुवेदी, रामबाबु सुवेदी, राजेन्द्र सुवेदी र शंकर सुवेदीको संयुक्त जग्गा नामसारी माग निवेदन अनुसार स्व. जग्गाधनी नन्दकली सुवेदी मिति २०५८/०२/१५ मा मृत्यु भएको, निजको मृत्युपश्चातका हकवाला निज जग्गाधनीका श्रीमान् मन वल्लव सुवेदीको समेत यस अधिनै मृत्यु भैसकेको, निजहरुको मृत्युपश्चातका हकवालाहरु दुई श्रीमतीहरुबाट ५ भाई छोराहरु रहेकोमा जेठी श्रीमती गोमा सुवेदीको पनि मृत्यु भैसकेको, जेठी श्रीमती तर्फका हकवाला दुई छोराहरु जेठो बद्रीनाथ र कान्छो केशवराज रहेकोमा निजहरुको समेत मृत्यु भैसकेको र कान्छी श्रीमती स्व. जग्गाधनी नन्दकली सुवेदी तर्फका हकवाला तिन छोराहरु केशवनाथ सुवेदी, बसन्त सुवेदी, भक्ति सुवेदी रहेकोमा तिनै जनाको यसअधिनै नै मृत्यु भैसकेकोमा बसन्त सुवेदीको हकवाला श्रीमती दिलमाया सुवेदीको पनि मृत्यु भैसकेको, भक्ति सुवेदीको श्रीमती रमादेवी सुवेदीको पनि यसअधिनै मृत्यु भैसकेकोले स्व. जग्गाधनी नन्दकली सुवेदीको नाममा श्रेस्ता कायम रहेको तपशिल बमोजिमका जग्गाहरु हामी हकवाला निवेदकहरु विष्णु कुमारी सुवेदी, नारायणी सुवेदी, धनकुमारी सुवेदी, कृष्ण प्रसाद सुवेदी, रामबाबु सुवेदी, राजेन्द्र सुवेदी र शंकर सुवेदीको संयुक्त नाममा नामसारी गरी पाउँ भनि द.नं. ५६७९ मिति २०८१/११/२३ को निवेदन प्राप्त भएकोमा निवेदकहरुमध्ये विष्णु कुमारी सुवेदी, राजेन्द्र सुवेदी, राम बाबु सुवेदी, कृष्ण प्रसाद सुवेदीले उक्त जग्गामा आफ्नो हकदावी समेत छाडेकोले उक्त जग्गा बांकी निवेदकहरु नारायणी सुवेदी, धन कुमारी सुवेदी र शंकर सुवेदीको संयुक्त नाममा नामसारी गर्न नहुने कुनै कारण भएमा वा तपसिलका जग्गामा अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम नामसारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

क्र.सं.	जिल्ला	गा.वि.स	वडा	कि.नं.	क्षे.फ.	जग्गा धनी
१	कास्की	स्याकलुङ	५	२०४	२-११-३-०	नन्द कली सुवेदी
२	कास्की	स्याकलुङ	५	२१०	२-७-३-०	नन्द कली सुवेदी
३	कास्की	स्याकलुङ	६	७७	१-१५-०-०	नन्द कली सुवेदी
४	कास्की	स्याकलुङ	६	९१	१-१३-०-०	नन्द कली सुवेदी
५	कास्की	स्याकलुङ	८	६४७	५-७-२-०	नन्द कली सुवेदी
६	कास्की	स्याकलुङ	८	५२६	१-२-१-०	नन्द कली सुवेदी
७	कास्की	स्याकलुङ	८	२७५	०-१०-३-०	नन्द कली सुवेदी

इति सम्वत् २०८३ साल कार्तिक १७ गते रोज ३ शुभम् ।

सदस्यलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०७/२०

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जना ब्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा मिति २०८२/०३/१३ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी ३५(पैतिस) दिने सार्बजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत सस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले पुनः दोस्रो पटक ऋण चुक्ता गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने यो सार्बजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण सावा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम चुक्ता गर्न गराउन हुन ऋणी सदस्य, ऋणको धितो सुरक्षण लेखाइदिनु हुने धनी जमानी कर्ताहरुलाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तपाईले ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । धितो सुरक्षण अपर्याप्त हुन गई ऋण असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाधरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न आवश्यक कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले पनि नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ । **तपसिल**

ऋणीको फोटो	ऋणी सदस्यको विवरण	जमानीको फोटो	जमानीको विवरण
	सदस्यता नं. : ९७ **नाम : भिम बहादुर दमै** ना. प्र. न. : १/१५५ कास्की जारी मिति : २०४२/११/२१ कास्की बाबु : भैरे दमै बाजे : दुर्गे दमै स्थायी ठेगाना : भदौरेतामागी-४ कास्की हालको ठेगाना : पोखरा -२३ कास्की सम्पर्क नं. : ९८०६७७३०३६	 	१. **नाम : विन्दु परियार** ना.प्र.नं. : ४६-०१-६९-०६२०८ जारी मिति : २०५८/१२/०७ कास्की बाबु : भिम बहादुर दमै बाजे : भैरे दमै स्थायी ठेगाना : भदौरेतामागी-४ कास्की हालको ठेगाना : पोखरा-२३ कास्की सम्पर्क नं : ९८१५१३६८७३ २. **नाम : बल बहादुर दमै** ना.प्र.नं. : ४७६, जारी मिति : २०४३/१०/२४ कास्की बाबु : भैरे दमै बाजे : दुर्गे दमै स्थायी ठेगाना : भदौरेतामागी गा.वि.स ४ कास्की हालको ठेगाना : पोखरा २३ कास्की सम्पर्क नं: : ९८६६००८०४५

धितो विवरण: भिम बहादुर दमैको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला चापाकोट गा.वि.स. वडा नं ९ को कित्ता नं क्रमश ११५४, १४८२, १२६६, १४४७, ९७६, १८४३ क्षेत्रफल: ७९.४८, ८५८.४३, २२०.५६, ६९९.४८, १०९.२९, ७४७.१७ वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

फेवा बचत तथा ऋण सहकारी संस्था लि.
प्रधान कार्यालय: पोखरा-५, जिरो कि. मि.
फोन: ०६१-५७३३७५, ५७२२३६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

सम्पादकीय

विचौलीया हावी हुँदा नेता षड्यन्त्रमा पर्न थाले

नेपाली काङ्ग्रेसका सभापति गगन थापाले आफूबाट कुनै गलत काम नभएको दाबी गरेका छन् । बिहीबार भिडियो सन्देश जारी गर्दै थापाले आफूलाई पक्राउ गर्ने तयारी भएको भन्ने दाबीको खण्डन गर्दै नैतिक धरातलमा उभिएको उल्लेख गरेका हुन्।नेपाली काङ्ग्रेसको आधिकारिकता दिदा आर्थिक लेनदेन भएको आरोप लागेको थियो । निर्वाचन आयोग र सर्वोच्च अदालतका न्यायाधीशलाई रकम बुझाएको आरोप लागेको थियो । विचौलीया इनम सापकोटाको अडियोमा काङ्ग्रेस सभापति गगन थापाले आर्थिक लेनदेन गरेर काङ्ग्रेसको आधिकारिकता पाएको आरोप छाविचौलीया इनम सापकोटासंग सम्पर्क भएका राजनीतिक दलका नेता, न्यायाधीश, प्रहरी, कर्मचारी र व्यापारीको बारेमा छानबिनको माग भइरहेको छ ।

प्रहरी हिरासतमा रहेका इनम सापकोटालाई बोल्न लगाइएको हो कि बोलेका हुन भन्ने शंका छ । नेपाली काङ्ग्रेसले जब सरकारको विरोधमा बोल्न थाल्यो त्यसका नेतालाई विवादमा ल्याउन सरकारले रचेको षड्यन्त्र हो भने त्यसको प्रतिवाद पार्टीले गर्नुपर्छ । पार्टी र सभापति थापाले सरकारले गरेको षडयन्त्र भन्दै आएका छन । सभापति थापाले पार्टीको आधिकारिकतासम्बन्धी विवादमा आफ्नो कुनै आर्थिक लेनदेन र अनैतिक संलग्नता नरहेको दाबी गर्दै आफू स्वच्छ नैतिक धरातलमा उभिएको दावी गरेका छन । प्रहरी हिरासतमा रहेका इनम सापकोटासँग जोडेर सार्वजनिक भएको अडियोमा आफ्नो नाम जोडिएपछि भिडियो सन्देश जारी गर्दै थापाले आफ्नो हात सफा रहेको र कुनै गलत काम नगरेको जिकिर गरेका छन । थापाले भने, 'म गगन थापा, तपाईंको दाइ, तपाईंको भाइ, तपाईंको साथी, तपाईंको छोरा, तपाईंको सभापति, कुनै कमजोर नैतिक धरातलमा उभिएको छैन । मेरो हातमा दाग छैन, मनमा कुनै कालो छैन, मेरा हात सफा छन्, म्यान एन्ड क्लिन ।' थापाले नेपाली कांग्रेसको आधिकारिकतासम्बन्धी राजनीतिक तथा कानुनी लडाइँमा कुनै आर्थिक लेनदेन नभएको पनि स्पष्ट पारेका छन् । थापाले भने, 'रुपैयाँ होइन, एक सुकाको पनि कुनै आर्थिक लेनदेन, कुनै अनुचित काम गरेको छैन, भएको छैन ।' प्रहरी हिरासतमा रहेका इनम सापकोटाको नाममा सार्वजनिक भएको अडियो बोलिएको हो वा बोलाइएको हो भन्ने समेत स्पष्ट नभएको टिप्पणी गरे ।

अडियो प्रकरणको निष्पक्ष अनुसन्धान हुनुपर्ने उनको माग छ । 'अब प्रश्न हामीलाई सोध्ने होइन । प्रश्न जहाँ सोध्नुपर्ने हो, त्यहाँ सोध्ने । इनम सापकोटा अहिले प्रहरीको अनुसन्धानका लागि हिरासतमा छन्, त्यहाँ सोध्ने प्रश्न,' उनले भने । अनुसन्धान निष्पक्ष हुनुपर्ने र यस प्रकरणमा जोडिएका सबै पक्षको भूमिका खोतलिनुपर्ने उनको भनाइ छ । अडियो सार्वजनिक भएपछि आफू डराएर विभिन्न राजनीतिक दलका नेताहरूलाई भेट्न थालेको भन्ने चर्चाको पनि उनले खण्डन गरेका छन् । मधेश प्रदेशमा कांग्रेस नेतृत्वको सरकार रहेकाले विश्वासको मत लिनुपर्ने र त्यसका लागि अन्य दलसँग संवाद गर्नुपर्ने राजनीतिक जिम्मेवारीअनुसार प्रचण्ड, उपेन्द्र यादव र एमाले अध्यक्ष केपी शर्मा ओलीसँग भेटेको उनको स्पष्टीकरण छ । सरकारका कामकारबाहीमाथि प्रश्न उठाउन थालेपछि आफूहरूविरुद्ध नियोजित भाष्य निर्माण गरिएको थापाको आरोप छ ।

विगतमा पनि शक्तिशाली सत्ताका गलत काममाथि प्रश्न उठाउँदा आफ्नो चरित्रमाथि प्रहार हुने गरेको भन्दै उनले त्यस्ता प्रयासबाट आफू विचलित नभएको बताए । 'मेरो स्वच्छता, इमानदारी र नैतिकतामा कहीं कतै सम्झौता भएको भए प्रश्न गर्ने आँट आउँथ्यो ? आउँदैनथ्यो,' उनले भने, 'म किन बाँचेको छु भने म सफा छु, स्वच्छ छु र ठीक ठाउँमा उभिएको छु ।' थापाले आफूलाई विश्वास गर्ने समर्थक तथा शुभेच्छुकलाई कुनै गलत काम नगरेको भन्दै ढुक्क रहन आग्रह गरेका छन । सरकारले आरोप लगाउने होइन । निष्पक्ष छानबिन गठन गरेर षड्यन्त्रको जालो पन्छाउन सबैको समर्थन रहन सक्छ भन्ने विश्वास हुनु आवश्यक छ ।

तपाईको आज

मेष	: झमेला बढ्ने	तुला	: मानसिक तनाब
वृष	: शत्रुको भय	वृश्चिक	: सहयोग मिल्नेछ
मिथुन	: ब्यापारमा लाभ	धनु	: स्वास्थ्यमा सुधार
ककर्ट	: अप्रत्यसित लाभ	मकर	: शुभ यात्रा
सिंह	: शारीरिक झमेला	कुम्भ	: आर्थिक समस्या
कन्या	: सत्कार मिल्नेछ	मीन	: कार्यमा सफलता

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

बाख्रापालनको तरिका सिकाउँदै तनहुँ जलविद्युत् आयोजना

पोखरापत्र संवाददाता
दमौली, १९ कार्तिक

तनहुँ जलविद्युत् आयोजनाबाट प्रभावित परिवारका सदस्यको आयआर्जन क्षमता अभिवृद्धि गरी दिगो जीविकोपार्जनका आधार सिर्जना गर्ने उद्देश्यले व्यावसायिक बाख्रापालन तथा वित्तीय साक्षरतासम्बन्धी तालिम सञ्चालन गरिएको छ । जीविकोपार्जन पुनर्स्थापना योजनाअन्तर्गत आयोजना प्रभावित व्यास तथा भिमाद नगरपालिका र म्याग्दे तथा ऋषिङ गाउँपालिकाका २२ कृषकलाई व्यावसायिक बाख्रापालन तालिम दिइएको हो ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, तनहुँसँगको सहकार्यमा सञ्चालित तालिममा सम्बन्धित क्षेत्रका विज्ञबाट बाख्रापालनको व्यावसायिक व्यवस्थापन, पशु स्वास्थ्य तथा हेरचाह, आयआर्जनका सम्भावना र वित्तीय व्यवस्थापनका विषयमा प्रशिक्षण दिइएको थियो ।

आयोजनाले प्रभावित परिवारको जीविकोपार्जन पुनर्स्थापना तथा सामुदायिक विकासलाई प्राथमिकतामा राख्दै हालसम्म ३८ वटा कार्यक्रम सञ्चालन गरिसकेको आयोजना प्रमुख श्यामजी भण्डारीले बताउनुभयो । ती कार्यक्रमबाट आयोजना प्रभावित परिवारका ७७६ जना लाभान्वित भएका छन् । आयोजनाबाट इलेक्ट्रिसियन,प्लम्बिङ,सिलाइकटाइ, मौरीपालन, बाख्रापालन, बङ्गुरपालन, तरकारीखेती, निर्वाहमुखी कृषि तथा हलुका सवारी चालकसम्बन्धी तालिमलगायत विभिन्न सीप विकास कार्यक्रम सञ्चालन गरिसकेको छ ।

आयोजनाको जीविकोपार्जन पुनर्स्थापना योजनाअनुरूप प्रभावित परिवारको सीप विकास, आयआर्जनका अवसर विस्तार, वित्तीय साक्षरता तथा उद्यमशीलता प्रवर्द्धनमार्फत आर्थिक आत्मनिर्भरता र दिगो जीविकोपार्जन सुनिश्चित गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

तरकारी छाडेर फूलखेतीमा रमाउँदै कमला

पोखरापत्र संवाददाता
बागलुङ, १९ कार्तिक

बागलुङ नगरपालिका-१ रामरेखाको मैनडाँडाकी कमला थापाको पछिल्ला दिनमा परिचय फेरिएको छ । उहाँलाई धेरैले सफल कृषकको परिचय दिएका छन् । त्यसमा पनि फूलेखती गर्ने कृषकका रूपमा उहाँले नाम कमाउनुभएको छ । फूलेखतीले उहाँलाई नामसँगै दाम पनि दिएको छ । सुरुआती दिनमा उहाँले प्लास्टिक टनेलमा व्यावसायिक तरकारीखेती गर्नुहुन्थ्यो । पछिल्लो तीन वर्षदेखि तरकारी छाडेर उहाँ फूलखेतीमा लाग्नुभयो । तरकारीबाट भन्दा बढी फूलबाट आम्दानी भएको उहाँले बताउनुभयो ।

नजिकै रहेको बागलुङकालिका मन्दिरमा फूलको माग बढ्दै गएपछि उहाँले तरकारीखेती छाडेर फूलखेती सुरु गर्नुभएको हो । भाडामा लिएको दुई रोपनी जग्गामा तीनवटा प्लास्टिक टनेल निर्माण गरी उहाँले मौसमी तथा बेमौसमी फूल उत्पादन गर्दै आउनुभएको छ । "लामो समयदेखि तरकारीखेती गर्दै आएकी थिएँ । तरकारीमा विषादी प्रयोग गर्नुपर्ने भएकाले फूलखेतीमा लागेकी हुँ । तीन वर्ष भयो, फूलखेतीबाट घरखर्च राम्रै चलेको छ," थापाले भन्नुभयो, "वार्षिक रु दुई लाख ५० हजारदेखि तीन लाखसम्म आम्दानी हुन्छ । बजारमा बाहिरबाट फूल नआउँदा राम्रो बिक्री हुन्छ, नत्र कहिलेकाहीं बोटमै कुहिने अवस्था पनि आउँछ ।" उहाँका अनुसार बेमौसममा उत्पादित फूल प्रतिकिलो रु ४०० सम्म र मौसमी फूल प्रतिकिलो रु २०० सम्म बिक्री हुने गरेको छ । प्लास्टिक टनेलभित्र खेती गर्दा बेमौसममा पनि फूल उत्पादन गर्न सकिने उहाँको अनुभव छ ।

बागलुङमा व्यावसायिक फूलखेती गर्ने किसानको संख्या कम रहेकाले उत्पादित फूलको बजार खोज्न समस्या नभएको कृषक थापाको भनाइ छ । उहाँले टनेलमा उत्पादन गरेको सयपत्री फूल नजिकै रहेको बागलुङ कालिका मन्दिरमा आउने भक्तजनलाई बिक्री गर्दै आउनुभएको छ । हाल उहाँ तिहारलाई लक्षित गरी सयपत्री फूल बिक्री गर्ने तयारीमा हुनुहुन्छ । स्थानीयस्तरमै फूल उत्पादन हुन थालेपछि मन्दिरमा आउने भक्तजनलाई सहज भएको छ । तरकारी खेतीबाट फूलखेतीमा लाग्नुभएकी थापाका लागि फूलखेती अहिले आम्दानीको भरपर्दो माध्यम बनेको छ ।

एउटै व्यक्ति भएको सूचना



पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं.-२, भारतीय सेनाका १/५ जि.आर. भू.पू.नं. ५४४६६९८ नायक मन बहादुर प्रधान (नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मन बहादुर श्रेष्ठ) को श्रीमती ज्ञान कुमारी श्रेष्ठको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर ज्ञान कुमारी श्रेष्ठ, जन्म मिति वि.सं. २०१५/०३/१५ (सन् १९५८/०६/२९) उल्लेख भएको तर श्रीमान्को भारतीय पेन्सन अभिलेखमा निजको नामथर ज्ञान कुमारी **(Gyan Kumari)** जन्म मिति वि.सं. २०१५/१२/१८ (सन् १९५९-०३-३१) उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रमिान्को भारतीय पेन्सन अभिलेखमा नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति एउटै भनी फलेवास नगरपालिका २ नं. वडा कार्यालय पर्वतको च.नं. २१९, मिति २०८३/०६/०७ को सिफारिस पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अचल सम्पति धितो लिलाम डाँक बढाबढ गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सार्वजनीक सूचना

पहिलो पटक प्रकाशित मिति २०८३/०७/२० (पोखरापत्र राष्ट्रिय दैनिक)

यस फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज एवं अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्था सँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले तिर्नु बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि पहिलो पटक मिति २०८२/०४/०५ गते ऋण चुक्ता गर्न आउने बारे ३५ (पैत्तिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक, दोस्रो पटक मिति २०८२/०५/१० गते ऋण चुक्ता गर्न आउने बारे १५ (पन्ध्र) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक र तेस्रो पटक मिति २०८२/०६/२३ गते ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिकबाट सूचना प्रकाशित गरी सम्पूर्ण ऋणको सावाँ, ब्याज र अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा ऋण चुक्ता नगरी बस्नु भएको हुँदा मिति २०८३/०७/२० गते अचल सम्पति धितो लिलाम बढाबढ गर्ने बारे ३५ दिने सूचना पोखरा पत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हालसम्मको साँवा ब्याज समेतको रकम दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको मितिले ३६ औँ दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभवहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको तपशिलको धितो लिलामा बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मूल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गच्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७२, ऋण असुली नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानत कर्ताहरुको एवं निजहरुको एकाघरको समेतको नाममा रहेको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको वक्यौता ऋण रकम असुलउपर गरिने छ । उल्लेखित मितिमा बोलपत्र एवं लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरिलिन सकिनेछ । **तपसिल**

ऋणीको फोटो	ऋणी सदस्यको विवरण	जमानीको फोटो	जमानीको विवरण
	सदस्यता न : २०९५ १. **नाम : चिनुमाया राना** जन्म मिति : २०३८।११।१४ ना.प्र.नं. : ४६१००१२३५१ जारी मितिः : २०६४।०९।०४ बाबु : भुबन बहादुर खवास पति : सुमन राना बाजे/ससुरा : गगन सिङ्ग ठेगाना : पोखरा-१६ कास्की हाल : पोखरा-१६ कास्की सम्पर्क नं : ९८४५५३३८३४	 	१. **नाम : अप्सरा राना** जन्म मिति : २०५८।०१।०९ ना.प्र.नं. : ४६०१७५०२८६८ जारी मिति : २०७५।०४।०२ बाबु । पत्नी : सुमन राना बाजे/ससुरा : गगन सिंह ठेगाना : पोखरा-१६ कास्की हाल : पोखरा-१६ कास्की सम्पर्क नं : ९८४६६०१३८४ १. **नाम : शोभा रेग्मी** जन्म मिति : २०३९।०२।१२ ना.प्र.नं. : ११६२७६ जारी मिति : २०५८।०३।२१ बाबु : शम्भु श्रेष्ठ पति : सर्बीजत रेग्मी बाजे/ससुरा : बसन्तराज रेग्मी ठेगाना : पोखरा-१६ कास्की हाल : पोखरा-१६ कास्की सम्पर्क नं : ९८२४११९७६५

धितो विवरण: चिनुमाया राना र अप्सरा रानाको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको पोखरा-१६ कास्की कि.नं. २५९ क्षेत्रफल १०८.७० व.मि. र सो मा बनेको घर समेत

लिलाम बिक्री तथा डाँक बढाबढ सम्बन्धि अन्य शर्त बन्देजहरु :

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्ने छ ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पति बुझि लिनु पर्ने छ । नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ ।
३. उल्लेखित सम्पती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुने छ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ ।
६. लिलाम बढाबढ गर्दा सबै भन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभाबहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ । उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नु पर्ने छ ।
८. सूचना प्रकाशित भएको मितिले ३६ औँ दिन संस्थाको प्रधान कार्यलयमा दिनको ठिक २ बजे लिलाम बढाबढ हुनेछ ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रितपूर्वक भरि संस्थामा बुझाउनु पर्ने छ ।
१०. उक्त लिलाममा राखेको सम्पतीको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर रजिष्टेसन दस्तुर सम्पती कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्ने छ ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वम्ले ब्यहोर्नु पर्नेछ ।
१२. सहकारी ऐन, संस्थाको विनियम तथा ऋण लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पतिको स्वामित्व आफुले लिन सक्नेछ ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घरानाबाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चल अचल सम्पति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ । धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन ।

फेवा बचत तथा ऋण सहकारी संस्था लि.

प्रधान कार्यालय: पोखरा-५, जिरो कि. मि.

फोन: ०६१-५७३३७५, ५७२२३६

मनाङ भ्रमणमा भारतीय पर्यटकको आकर्षण बढ्दो

पोखरापत्र संवाददाता
मनाङ, १९ कार्तिक

अन्नपूर्ण पदमार्ग तथा मनाङ भ्रमणमा भारतीय पर्यटकको आकर्षण बढ्दै गएको छ। सन् २०२६ को अक्टोबरसम्म पाँच हजार ४९ भारतीय पर्यटकले भ्रमण गरेका छन्।

अन्नपूर्ण संरक्षण आयोजना एकाइ मनाङका प्रमुख ढकबहादुर भुजेलले अक्टोबरसम्म कुल ३० हजार ६६२ विदेशी पर्यटकले मनाङ भ्रमण गरेका जानकारी दिनुभयो। उहाँका अनुसार १९ हजार १४० पुरुष, ११ हजार ५१२ महिला र अन्य १० पर्यटकले भ्रमण गरेका हुन्।

आयोजनाका अनुसार, भारतीय पाँच हजार ४९, इजरायलका दुई हजार ७६८, जर्मनका एक हजार ९४८, चीनका एक हजार ८९९ र फ्रान्सका एक हजार ३४ पर्यटकले मनाङको भ्रमण गरेका छन्। "अक्टोबरसम्म ११९ देशका नागरिकले मनाङका विभिन्न स्थानको भ्रमण गरेका छन्," प्रमुख भुजेलले भन्नुभयो, "सार्क राष्ट्रका पाँच हजार ९० र अन्य देशका २५ हजार ५७२ पर्यटकले यहाँको सुन्दरताको अवलोकन तथा भ्रमणमा आएका छन्।"

अर्नब चक्रवातको प्रभावका कारण हिमाली क्षेत्रमा हिमपात भएको अवस्थामा पनि उल्लेख्य पर्यटक आएको उहाँले बताउनुभयो। "जोखिमकै अवस्थामा पनि मनाङको सौन्दर्यता तथा प्राकृतिक, सांस्कृतिक क्षेत्रको भ्रमणमा आएका हुन्। जोखिम कम भएपछि अहिले पर्यटक गन्तव्यतर्फ पुगिसकेका छन्," उहाँले भन्नुभयो।

अन्नपूर्ण पदमार्गअन्तर्गत मनाङ र मुस्ताङको सिमानास्थित थोराङ्ला भञ्ज्याङ (पास), विश्वकै अग्लो स्थानमा अवस्थित तिलिचो तालको भ्रमण तथा हिमलुङ हिमाल र मनास्लु हिमाल अरोहण गर्न पर्यटक आउने गरेका छन्।

हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज र प्राकृतिक सुन्दरता हेर्न पर्यटकको आगमन हुने गर्दछ। साथै विश्वकै १० औँ स्थानमा पर्ने जोखिमयुक्त पदमार्गमध्येको अन्नपूर्ण पदमार्गमार्फत पर्यटक मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा पुग्ने गर्दछन्।

पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट यात्राको सुरुआत हुन्छ। अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच वटा जिल्ला जोडिएको छ। काठमाडौँदेखि बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्छन्। पछिल्लो समय सवारीसाधनमा नै चामे, खाङ्सारसम्म पुग्ने गरेको पाइन्छ। त्यसपछि मात्रै पदयात्रा सुरु हुन्छ।

एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिका वडा नं. ०८ बस्ने भारतीय भू.पू. सैनिक नं. ५३४२४६७ का पेन्सनर पुर्न बहादुर श्रेष्ठको मोसिने श्रेष्ठको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर मोसिने श्रेष्ठ (Mosine Shrestha), जन्म मिति २०१७-०१-२१ (इ.सं 03-05-1960) भएको र निजको भारतीय पेन्सनको कागजातमा नाम थर मसेनी राना (Maseni Rana), जन्म मिति २०१९-०६-०१ (इ. सं. 21-09-1962) भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी सोही वडा कार्यालयको च.नं. ४४३. मिति २०८३/०७/१२ गतेको पत्रबाट सिफारिस लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, तनहुँ

एउटै व्यक्ति भएको सूचना



पर्वत जिल्ला पैयूँ गाउँपालिका वडा नं. ७ (साविक भोर्ले गा.वि.स. वडा नं. ७) बस्ने भारतीय सेना ४/९ जि.आर. भु.पु. नं. ५८४२७५२F नायक बल बहादुर क्षेत्रीको श्रीमती प्रेम मया क्षेत्रीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर प्रेम मया क्षेत्री, जन्म मिति वि.सं. २०२२/०२/०२, सन १५ मे १९६५ उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर प्रेम माया, जन्म मिति वि.सं. २०२०/०३/१७ सन् ०१/०७/१९६३ उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र भारतीय पेन्सन अभिलेखमा नामथर, जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर, जन्म मिति भएको व्यक्ति एउटै भएको भनी पैयूँ गाउँपालिका ७ नं. वडा कार्यालय पर्वतको च.नं. २१६, मिति २०८३/०७/१० को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, पर्वत

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला ढोरपाटन नगरपालिका वडा नं. ६, साविक अधिकारीचौर गा.वि.स. वडा नं. ५ निवासी भारतीय भु.पु.सै.नं. ५३३६९५१ NK 1-4 GR का झग बहादुर बुराको पत्नीको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर सुपकला बुढा र जन्म मिति वि.सं. २००६/०६/१७ (ई.सं. १९४९/१०/०३) भएको र निजको भारतीय पेन्सन पट्टामा पत्नीको नाम थर सेम कला र जन्म मिति वि.सं. २०१०/०१/२४ (ई.सं. १९५३/०५/०६) उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी ढोरपाटन नगरपालिका, ६ नं. वडा कार्यालय, गादीखोला, बागलुङको च.नं. १९१, मिति २०८३/०७/१७ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ

एउटै व्यक्ति भएको सूचना

पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं. २ (साविक थापाठाना गा.वि.स. वडा नं. ५) बस्ने भारतीय सेना भु.पु.नं. १३९४६६८७K, AMC H/NB/SUB Krishna Prasad Sharma (नेपाली नागरिकता प्रमाणपत्रमा नामथर गोकर्ण थापा क्षेत्री भन्ने कृष्ण प्रसाद शर्मा) को तपशिल बमोजिम पारिवारिक विवरण रहेको भनी जिल्ला प्रहरी कार्यालय पर्वतको च.नं. ३७३ मिति २०८३/०६/०५ को पत्रसाथ प्राप्त प्रहरी मुचुल्का तथा फलेवास नगरपालिका २ नं. वडा कार्यालय पर्वतको च.नं. १९२, मिति २०८३/०६/०१ को पत्रबाट सिफारिस भै आएकाले तपशिल बमोजिमको विवरण पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ। **तपसिल**

क्र.स.	नामथर	नाता	जन्म मिति	विवाह मिति	कैफियत
१	गोकर्ण थापा क्षेत्री भन्ने कृष्ण प्रसाद शर्मा	पेन्सनर	२०१६/०७/१९	विवाहित २०३६/११/०३	जिवित
२	मुवा थापा क्षेत्री (Mua Thapa Chhetri)	श्रीमती Spouse	२०२१/०३/२७ 10/07/1964 AD	विवाहित २०३६/११/०३ 15/02/1980 AD	जिवित
३	कमल थापा	छोरा	२०४८/१२/२४	विवाहित २०७१/०५/१८	जिवित
४	ईश्वरी के.सी	छोरी	२०४७/०७/१९	विवाहित २०६६/०३/१२	जिवित
५	विन्दु थापा क्षेत्री	छोरी	२०५२/०५/०९	विवाहित २०७३/०१/१०	जिवित




जिल्ला प्रशासन कार्यालय
पर्वत, कुश्मा

धितोमा रहेको चल/अचल सम्पत्ती बोलपत्र मार्फत लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०१
दोस्रो पटक प्रकाशित मितिः २०८३/०७/२०

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्थाबाट उपभोग गरेको कर्जाको साँवा, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लङ्घन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा तरताकेता साथै मिति २०८०/०२/२४ गते प्रथम पटक ३५ दिने, देखि हालसम्म पटक पटक सूचना प्रकाशित गरि मिति २०८३/०२/०१ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम सम्वन्धी ३५ दिने सूचना प्रकाशित गर्दा समेत संस्थालाई तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दै-दस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यस संस्थाको विनियम २०६८ तथा सहकारी ऐन २०७४ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री प्रक्रियाबाट सम्पूर्ण रकम असुल उपर गर्न लिलाम प्रक्रिया अगाडि बढाई ऋणि तथा व्यक्तिगत जमानी कर्ताको जायजेथाबाट सम्पूर्ण रकम असुल उपर गरिने व्यहोरा सहित व्यक्तिगत जमानी कर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ साथै संस्थालाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्री गरी सहकारीको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धी २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गरिन्छ। लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस सहकारी संस्थाको विनियम २०६८ एवं प्रचलित कानून बमोजिम धितो सुरक्षण सम्पत्ती यस सहकारी संस्था आफैले गैर बैंकिङ्ग सम्पत्तीको रुपमा सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा सहकारी संस्था आफैले सकार गर्दा साविकमा सहकारी संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा सहकारी संस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई सहकारी संस्था सम्बन्धी ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गराईन्छ।

तपसील

क्र. स.	ऋणिको विवरण	धितो विवरण	धनजमानी दिने व्यक्तिको नाम
१.	ऋणि : रजनी श्रेष्ठ बुबा : ओम कुमार श्रेष्ठ बाजे : नैनसिं श्रेष्ठ पतिको नाम : चक्र बहादुर श्रेष्ठ ससुरा : मान बहादुर नगरकोटी ठेगाना : पोखरा मनपा, वडा नं. -४, कास्की ना.प्र.प. नं. ४६-०१-७३-०७६१० जारी मिति : २०७३।०९।०५ (जि.प्र.का. कास्की)	धितोको विवरणः पोखरा मनपा वडा नं. -४, कास्की कित्ता नं. २७६ क्षेत्रफलः- १७४.०० (०-०-०-०) ब.मि.	जमानी : चक्र बहादुर श्रेष्ठ बुबा : मान बहादुर नगरकोटी बाजे : चन्द्र बहादुर श्रेष्ठ ठेगाना : साविक कल्लेरी गाविस वडा नं.-०९, हाल गल्छि गाँउपालिका वडा नं. ३, धादिङ ना.प्र.प. नं. ४२३५ जारी मिति : २०५०।११।२८ (जि.प्र.का. धादिङ)

धितो लिलाम बिक्रीको शर्त तथा बन्देजहरुः

(१) बोलपत्र फारम यस सहकारी संस्थाको कार्यालय प्रगतिमार्ग-९, पोखरा कास्कीबाट रु.५०० अक्षेरुपी पाँच सय फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।

(२) बोलपत्र फारममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफूले लिन चाहेको अचल सम्पत्तिको विवरण यस सहकारी संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम सञ्चार बचत तथा ऋण सहकारी लिमिटेडको नाममा कामना सेवा विकास बैंक लि. न्यूरोड, पोखरा शाखाको खाता नम्बर A/C No.: 00100300053720000003 मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै सहकारी संस्थामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनुपर्नेछ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पुँजीगत लाभ कर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ।

(६) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन।

(७) कुनै शर्त राखी पेश गरेको बा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार सहकारी संस्थामा निहीत रहनेछ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणी, धितोधनीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ। धरौटी स्वरुप राखेको रकममा ब्याज दाबी गर्न पाईने छैन।

(१०) लिलाम सूचना प्रकाशित मितिले २१ दिन भित्र बोलपत्र सम्बन्धित सहकारी संस्थाको कार्यालयमा पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा सहकारी संस्थाको कार्यालय प्रगतिमार्ग-९, पोखरा, कास्कीमा सूचना प्रकाशित भएको मितिले २२ औं दिनको २:०० बजे बोलपत्र खोलिने छ। बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले सहकारी संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्नेछ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि, ऋणी र धितोजमानीकर्ताहरुको रोहबरमा खोलिने छ। उक्त समयमा सम्बन्धित ऋणी तथा धितोजमानीकर्ताहरुलाई समेत उपस्थितीको लागि जानकारी गराईन्छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोजमानीकर्ताहरु बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।

(१२) अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।

(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

(१४) बोलपत्र स्वीकृत भई बोलपत्र दाताको नाममा नामसारी वा स्वामित्व हस्तान्तरण गर्दा लाग्ने सम्पूर्ण दै-दस्तुर/खर्च सकारी लिने पक्ष आफैले व्यहोर्नु पर्नेछ।

(१५) माथि उल्लिखित धितो लिलाम बिक्रिको सिलसिलामा यस सूचनामा लेखिएको हकमा यसै बमोजिम हुनेछ र यसमा नलेखिएको/छुट भएको हकमा सहकारी संस्थाको निर्णय नै आधिकारिक एवं अन्तिम निर्णय हुनेछ। यसमा बोलपत्रदाताको कुनै हकदावी लाग्ने छैन।

(१६) अन्य कुराहरु सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली २०७५ लगायत धितो लिलाम सम्वन्धी तोकिएका अन्य ऐन कानुन बमोजिम हुनेछ।

(१७) लिलाम बढाबढमा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा सहकारी संस्थाको निर्णय अन्तिम हुनेछ।

लिलाम प्रकृयाका लागि शिलबन्दी बोलपत्र खोलिने मितिः वि.सं. २०८३/०८/११ गते, शुक्रवार
समयः दिनको १४: ०० बजे
स्थानः सञ्चार बचत तथा ऋण सहकारी संस्था लि., प्रगतीमार्ग-९, पोखरा, कास्की, गण्डकी प्रदेश।

सञ्चार बचत तथा ऋण सहकारी संस्था लि.
SANCHAR SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
प्रगतिमार्ग-९, पोखरा, कास्की फोन नं. ०६१-५७०१६६
E-mail: sancharsaving55@gmail.com